# 4. ऐच्छिक नेपाली

## Course Content

**खण्ड (क) नेपाली कविता** **अङ्क - ३०, पाठ्यभार - ४५**

१. कविताको परिचय (परिभाषा र तत्त्वहरू)

२. नेपाली कविताको विकासक्रम (प्रमुख चरण र प्रवृत्ति)

३. निर्धारित कविहरूको परिचय र तिनका कविताहरूको सामान्य विवेचना र विशिष्ट पंक्तिहरूको व्याख्या

| | |
|---|---|
| क. भानुभक्त आचार्य | प्रश्नोत्तर |
| ख. मोतीराम भट्ट | मलाई हिजोसम्म क्या क्या छकाये |
| ग. लेखनाथ पौड्याल | हिमाल |
| घ. धरणीधर कोइराला | साहित्य सुधा |
| ङ. बालकृष्ण सम | म पनि द्यौता मान्छु |
| च. लक्ष्मीप्रसाद देवकोटा | भिखारी |
| छ. सिद्धिचरण श्रेष्ठ | ओखलढुङ्गा |
| ज. गोपालप्रसाद रिमाल | आमाको सपना |
| झ. माधवप्रसाद घिमिरे | नवयुवक |
| ञ. केदारमान व्यथित | सिपाही |
| ट. अगमसिंह गिरी | नचिनिने भएछौ |
| ठ. भूपी शेरचन | मैनबत्तीको शिखा |
| ड. विजय मल्ल | छोरीलाई मानचित्र पढाउँदा |
| ढ. मोहन कोइराला | सारङ्गी |
| ण. भरतराज पन्त | मेघ बिजुली विवाह |
| त. हरिभक्त कटुवाल | यो जिन्दगी खै के जिन्दगी ? |
| थ. दिनेश अधिकारी | हट् घोटा हट् |

**खण्ड (ख) नेपाली खण्डकाव्य**

**अङ्क - २० पाठ्यभार:- ३०**

१. खण्डकाव्यको परिचय

२. खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे र सिद्धिचरण श्रेष्ठ

३. विभिन्न कोणबाट *मुनामदन, राष्ट्रनिर्माता र आँसु* खण्डकाव्यको विवेचना

४. उल्लिखित खण्डकाव्यहरूका मार्मिक पंक्तिहरूको व्याख्या

**खण्ड (ग) नेपाली नाटक** **अङ्क - २० पाठ्यभार ३०**

१. नाटकको परिचय (परिभाषा र तत्त्वहरू)

२. नेपाली नाटकको विकासक्रम (प्रमुख चरण र प्रवृत्तिहरू)

३. नाटककार बालकृष्ण सम, भीमनिधि तिवारी र विजय मल्ल तथा उनका विशेषता

४. विभिन्न कोणबाट *मुकुन्द-इन्दिरा, माटाको माया* र *कोही किन बर्बाद होस्* नाटकको विवेचना

५. उल्लिखित नाटकहरूका मार्मिक पंक्तिहरूको व्याख्या

**खण्ड (घ) नेपाली एकाङ्की** **अङ्क - २० पाठ्यभार ३०**

१. एकाङ्कीको परिचय (परिभाषा र तत्त्वहरू)

२. निर्धारित एकाङ्कीकारहरू र उनका विशेषता

३. विभिन्न कोणबाट निम्नलिखित एकाङ्कीहरूको विवेचना

| | |
|---|---|
| (क) हृदयचन्द्रसिंह प्रधान | खैराँती मास्टर |
| (ख) गोविन्दबहादुर मल्ल (गोठाले) | म कसरी हार्छु ? |
| (ग) फणीन्द्रराज खेताला | फ्यूज गएको इज्जत |
| (घ) मनबहादुर मुखिया | अँध्यारोमा बाँच्नेहरू |

Question Bank Nepal

४. उल्लिखित एकाङ्कीहरूका मार्मिक पंक्तिहरूको व्याख्या

खण्ड (ङ) नेपाली साहित्यको इतिहास अङ्क - १० पाठ्यभार १५

१. नेपाली साहित्यको काल विभाजन (सामान्य परिचयमात्र)
२. प्राथमिक कालको चिनारी (प्रमुख धाराका विशेषतासमेत)
३. माध्यमिक कालको चिनारी (प्रमुख धाराका विशेषतासमेत)
४. आधुनिक कालको चिनारी (प्रमुख धारा र तिनका विशेषता)

## MODEL QUESTION

### [HSEB Examination 2072 (2015)]

समय:- ३ घण्टा पूर्णाङ्क:- १००
उत्तीर्णाङ्क:- ३५

समूह 'क'

कुनै तीन प्रश्नको उत्तर दिनु होस्: ३×१०=३०

१. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका मुख्य विशेषताहरू केलाउनु होस् । (कविता खण्डबाट)

२. 'छोरीलाई मानचित्र पढाउँदा' कविताको मुख्य भाव के हो ? चर्चा गर्नु होस् । (कविता खण्डबाट)

३. 'नवयुवक' कवितामा राष्ट्रनिर्माणका लागि युवाहरूलाई के कस्तो आह्वान गरिएको छ ? चर्चा गर्नु होस् । (कविता खण्डबाट)

४. सप्रसङ्ग व्याख्या गर्नु होस् : (कविता खण्डबाट)
जिउँदै मऱ्याको भनि नाम् छ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ।

समूह 'ख'

कुनै दुई प्रश्नको उत्तर दिनु होस्: २×१०=२०

५. 'आँसु' खण्डकाव्यका मुख्यमुख्य विशेषता के-के हुन् ? (खण्डकाव्य खण्डबाट)

६. लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यगत प्रवृत्तिहरूको चर्चा गर्नु होस् । (खण्डकाव्य खण्डबाट)

७. सप्रसङ्ग व्याख्या गर्नु होस् : (खण्डकाव्य खण्डबाट)
मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।

समूह 'ग'

कुनै दुई प्रश्नको उत्तर दिनु होस्: २×१०=२०

८. माटोको माया' नाटकको शीर्षकीय सार्थकता पुष्टि गर्नु होस् । (नाटक खण्डबाट)

९. 'कोही किन बर्बाद होस्' नाटकमा बालमनोविज्ञानको प्रयोग कसरी गरिएको छ ? चर्चा गर्नु होस् । (नाटक खण्डबाट)

१०. सप्रसङ्ग व्याख्या गर्नु होस् : (नाटक खण्डबाट)
दु:खीको घरमा मात्र तेरो बास हुने भए
हे ईश्वर, दया राखी मलाई अझ दु:ख दे ।

संमूह 'घ'

कुनै दुई प्रश्नको उत्तर दिनु होस्: २×१०=२०

११. एकाङ्कीकार हृदयचन्द्र सिंह प्रधानका मुख्य विशेषता के के हुन् ? चर्चा गर्नु होस् । (एकाङ्की खण्डबाट)

१२. 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीको कालू सिंह कस्तो चरित्र हो ? स्पष्ट पार्नु होस् । (एकाङ्की खण्डबाट)

१३. सप्रसङ्ग व्याख्या गर्नु होस् : (एकाङ्की खण्डबाट)
यो शक्तिलाई मैले मानिसमा ल्याउन सकें भने, देशको त के संसारको नै सेवा गर्न सक्छु ।

समूह 'ङ'

कुनै एक प्रश्नको उत्तर दिनु होस्: १×१०=१०

१४. आधुनिक नेपाली उपन्यासका प्रमुख धाराहरूको परिचय दिनु होस् । (नेपाली साहित्यको इतिहास खण्डबाट)

१५. आधुनिक नेपाली निबन्धका प्रमुख प्रवृत्तिहरूको चर्चा गर्नु होस् । (नेपाली साहित्यको इतिहास खण्डबाट)

Question Bank Nepal

# Exam Questions

## खण्ड (क) नेपाली कविता

**(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ ।)**

१. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका प्रमुख विशेषताहरू केलाउनुहोस् । [प्र.नं.१, २०७२]

२. 'छोरीलाई मानचित्र पढाउँदा' शीर्षक कवितामा कविले के कस्तो भावना व्यक्त गरेका छन् ? स्पष्ट पार्नु होस् । [प्र.नं.२, २०७२]

३. 'साहित्यसुधा' कवितामा कविले साहित्य सम्बन्धी के कस्तो दृष्टिकोण प्रस्तुत गरेका छन् ? लेख्नु होस् । [प्र.नं.३, २०७२]

४. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र.नं.४, २०७२]
तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो ।

५. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका मुख्य विशेषताहरू केलाउनु होस् । (प्र.नं. १, २०७१)

६. 'छोरीलाई मानचित्र पढाउँदा' कविताको मुख्य भाव के हो ? चर्चा गर्नु होस् । (प्र.नं. २, २०७१)

७. 'नवयुवक' कवितामा राष्ट्रनिर्माणका लागि युवाहरूलाई के कस्तो आह्वान गरिएको छ ? चर्चा गर्नु होस् । (प्र.नं. ३, २०७१)

८. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. ४, २०७१)
जिउँदै मऱ्याको भनि नाम् छ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ।

९. आधुनिक नेपाली कविताको प्रयोगवादी धाराका प्रवृत्तिहरूको चर्चा गर्नु होस् । (प्र.नं. १, पूरक २०७०)

१०. 'भिखारी' कविता मार्फत कविले के-कस्तो मानवतावादी विचार प्रस्तुत गरेका छन् ? स्पष्ट पार्नु होस् । (प्र.नं. २, पूरक २०७०)

११. 'सिपाही' कविताको मूल भाव के हो ? प्रकाश पार्नु होस् । (प्र.नं. ३, पूरक २०७०)

१२. सप्रसङ्ग व्याख्या गर्नु होस् । (प्र.नं. ४, पूरक २०७०)
छि: यो बेला नबस घरमा निस्क आलस्य फाली
हे तन्नेरी उठ न पृथिवी तिन बित्ता उचालि ।

१३. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रमुख प्रवृत्तिहरू केलाउनु होस् । (प्र.नं. १, २०७०)

१४. 'प्रश्नोत्तर' कविताले के कस्तो सन्देश दिन खोजेको छ ? स्पष्ट पार्नु होस् । (प्र.नं. २, २०७०)

१५. कवि लेखनाथ पौड्यालको कवित्वको परिचय दिनु होस् । (प्र.नं. ३, २०७०)

१६. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. ४, २०७०)
जन्मभूमिको स्वतन्त्रता
जिउभन्दा प्यारो लाग्छ,
प्रभुता र सार्वभौमिकता
प्राणभन्दा प्यारो लाग्छ ।

१७. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रवृत्तिहरू के-के हुन् ? चर्चा गर्नु होस् । (प्र.नं. १, पूरक २०६९)

१८. धरणीधर कोइरालाले 'साहित्य सुधा' कवितामार्फत साहित्यसम्बन्धी के कस्तो दृष्टिकोण प्रस्तुत गरेका छन् ? स्पष्ट पार्नु होस् । (प्र.नं. २, पूरक २०६९)

१९. 'यो जिन्दगी खै के जिन्दगी' कविताको मुख्य अभिप्राय के हो ? प्रकाश पार्नु होस् । (प्र.नं. ३, पूरक २०६९)

२०. सप्रसङ्ग व्याख्या गर्नु होस्: (प्र.नं. ४, पूरक २०६९)
तिम्रा लामा सबल भुज छन् शैल बोक्लान् समान ।
छाती तिम्रो दृढतर छ त्यो वज्र रोक्ला समान ॥
तिम्रै कन्धाउपर युगको भार राखी दिऊँ किन ।
मागी तिम्रै हृदय म पनि बैंसमा फर्किऊँ कि ॥

Question Bank Nepal

२१. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराको मुख्य समयावधिको उल्लेख गर्दै यस धाराका मुख्य विशेषताहरू लेख्नुहोस् । (प्र.नं. १, २०६९)

२२. 'साहित्य सुधा' कवितामा कविले साहित्यबारे कस्तो धारणा व्यक्त गरेका छन् ? स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६९)

२३. 'यो जिन्दगी खै के जिन्दगी' कवितामा जीवनबारे कस्तो दृष्टिकोण व्यक्त भएको छ ? विवेचना गर्नुहोस् । (प्र.नं. ३, २०६९)

२४. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (प्र.नं. ४, २०६९)

डाँडा काँडा वन चहुरमा घाम लागीरहेछ<br>
लाखौं लाखौं सुख र दुखमा लोक लागीरहेछ<br>
छि: यो बेला नबस घरमा निस्क आलस्य फाली<br>
हे तन्नेरी ! उठन पृथिवी तीन बित्ता उचाली

२५. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका प्रमुख प्रतिभा र यस धाराका मुख्य विशेषताहरू केलाउनुहोस् । (प्र.नं. १,२०६८)

२६. 'भिखारी' कविताले भिखारीका बारेमा के कस्ता दृष्टिकोण प्रस्तुत गरेको छ ? स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६८)

२७. 'सिपाही' कवितामार्फत कविले के कस्ता भावना व्यक्त गरेका छन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ३, २०६८)

२८. सप्रसङ्ग व्याख्या गर्नुहोस्:

मान्छेको जिन्दगी धेरै हदसम्म घोडाकै नियति रहेछ र ढल्किँदो उमेरसँगसँगै हरेक मान्छे आफ्नो लागि कम र अरूहरूकै लागि ज्यादा बाँच्ने गर्दो रहेछ । (प्र.नं. ४,२०६८)

२९. कवितालाई अन्य विधाबाट छुट्ट्याउने मुख्य तत्त्वको पहिचान गर्दै कविताको परिचय दिनुहोस् । (प्र.नं. १, २०६७)

३०. "भिखारी" कविताका आधारमा लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्तिहरू लेख्नुहोस् ।(प्र.नं. २, २०६७)

३१. नारी जीवनका विविध अवस्थालाई "मैनबत्तीको शिखा" कविताले कसरी प्रस्तुत गरेको छ ? (प्र.नं. ३, २०६७)

३२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

परेवालाई गन्जकमा बन्द गरेझैं<br>
मानिस छन् बन्दी, यस खोरमा । (प्र.नं. ४, २०६७)

३३. दुईजना विद्वान्ले दिएका कविताका परिभाषाहरू लेखी तिनका आधारमा कवितालाई चिनाउनुहोस् । (प्र.नं. १, २०६६)

३४. विजय मल्लले 'छोरीलाई मानचित्र पढाउँदा' कवितामा कस्तो संसारमो कल्पना गरेका छन् ? स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६६)

३५. 'हट् घोडा हट्' कवितामा जीवनको अर्थ कसरी लगाइएको छ ? समीक्षा गर्नुहोस् । (प्र.नं. ३, २०६६)

३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

ती अविरल परिश्रमी पतकर<br>
द्रुतगामी निर्झर तुल्य चपल<br>
बहँदै वन-वनमा चारैतिर<br>
खोज्दां हुन् मेरो पदको पथ (प्र.नं. ४, २०६६)

३७. कविताका तत्त्वहरूको परिचय दिनुहोस् । (प्र.नं. १, २०६५)

३८. कवि बालकृष्ण समको ईश्वर र स्वर्गसम्बन्धी कस्तो दृष्टिकोण रहेको छ ? 'म पनि धौता मान्छु' कविताका आधारमा प्रस्ट पार्नुहोस् । (प्र.नं. २, २०६५)

३९. 'मैनबत्तीको शिखा" कवितामा नारीजीवनका विविध अवस्थालाई कविले कसरी प्रस्तुत गरेका छन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ३, २०६५)

४०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

बन्दुकका नालमा टाउको राखेर निदाउनुपर्छ यहाँ ।<br>
खुकुरीका धारमा पाइला टेकेर जिउनुपर्छ यहाँ ॥ (प्र.नं. ४, २०६५)

४१. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका मुख्य विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. १, २०६४)

४२. 'भिखारी' कविताको मुख्य भाव के हो ? स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६४)

Question Bank Nepal

४३. कवि भूपि शेरचनका प्रमुख विशेषताहरू केके हुन् ? प्रकाश पार्नुहोस् । (प्र.नं. ३, २०६४)

४४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
मान्छेको जिन्दगी धेरै हदसम्म घोडाकै नियति रहेछ र ढल्किँदो उमेरसँगसँगै हरेक मान्छे आफ्नो लागि कम र अरूहरूकै लागि ज्यादा बाँच्ने गर्दो रहेछ । (प्र.नं. ४, २०६४)

४५. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रमुख प्रवृत्तिहरू केके हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. १, २०६३)

४६. 'साहित्यसुधा' कवितामा कविले साहित्यका बारेमा के-कस्ता धारणा प्रकट गरेका छन् ? स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६३)

४७. 'यो जिन्दगी खै के जिन्दगी ?' कवितामा कविले जिन्दगीलाई कसरी हेरेका छन् ? प्रकाश पार्नुहोस् । (प्र.नं. ३, २०६३)

४८. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।
तिम्रै कन्धाउपर युगको भार राखीदिँऊ कि ।
मागी तिम्रै हृदय म पनी बैँसमा पक्रिऊँ कि । (प्र.नं. ४, २०६३)

४९. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका प्रवृत्तिहरू के-के हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. १, २०६२)

५०. 'म पनि चौता मान्छु' कवितामा कविले चौताको रूपलाई कसरी प्रस्तुत गरेका छन् ? प्रकाश पार्नुहोस् । (प्र.नं. २, २०६२)

५१. 'छोरीलाई मानचित्र पढाउँदा' शीर्षकको कवितामार्फत कविले के सन्देश दिन खोजेका छन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ३, २०६२)

५२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
घाम उज्यालो आँगनमा यो, एक अँध्यारो अवलोकन ।
गुलावहरूको हाँसो बीच यो, एक उन्यूको रोदन । (प्र.नं. ४, २०६२)

५३. आधुनिक नेपाली कविताको प्रयोगवादी धाराका प्रमुख प्रवृत्तिहरू के-के हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. १, २०६१)

५४. 'प्रश्नोत्तर' कविताको मुख्य सन्देश के हो ? प्रकाश पार्नुहोस् । (प्र.नं. २, २०६१)

५५. 'मैनबत्तीको शिखा' कवितामा नारीका कुनकुन अवस्थाको चित्रण गरिएको छ ? विवेचना गर्नुहोस् । (प्र.नं. ३, २०६१)

५६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
झगरा तकरा छिनाउँछ यो
सब नीच र ऊँच भुलाउँछ यो
अति उत्तम ज्ञान दिलाउँछ यो
मणितुल्य छ यो नलिने पशु हो (प्र.नं. ४, २०६१)

५७. कविताको परिभाषा दिई कुनै दुई तत्त्वको चिनारी गराउनुहोस् । (प्र.नं. १, २०६०)

५८. 'छोरीलाई मानचित्र पढाउँदा' कविताको मूलभाव स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०६०)

५९. 'प्रश्नोत्तर' कविताको मूल मर्ममाथि प्रकाश पार्नुहोस् । (प्र.नं. ३, २०६०)

६०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
भाग्यको लहरमा लहरी लहरी
पुगेँ म यस मरुस्थलमा कसरी
तर खेद छैन तिम्रै आकृति
लेखिएको छ यो हृदय भरि (प्र.नं. ४, २०६०)

६१. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका प्रवृत्तिहरू औँल्याउनुहोस् ।(प्र.नं. १, २०५९)

६२. 'म पनि चौता मान्छु' कवितामा पाइने विचारबारे विवेचना गर्नुहोस् । (प्र.नं. २, २०५९)

६३. 'नवयुवक' कविताको मूल आशय स्पष्ट पार्नुहोस् । (प्र.नं. ३, २०५९)

६४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
सब कल्मष नाशि सुकाउँछ यो
मन मोद विनोद भराउँछ यो
दुःख दुर्दुर पारि हटाउँछ यो
मन फुर्फुर पारि नचाउँछ यो (प्र.नं. ४, २०५९)

६५. नेपाली कवितामा माध्यमिक तथा आधुनिक कालका प्रवृत्तिमा पाइने भिन्नता औँल्याउनुहोस् । (प्र.नं. १, २०५८)

Question Bank Nepal

६६. 'म पनि चौता मान्छु' कविताको मूलभावमाथि प्रकाश पार्नुहोस् । (प्र.नं. २, २०५८)

६७. कवि मोहन कोइरालाको कवित्वको परिचय दिनुहोस् । (प्र.नं. ३, २०५८)

६८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
गाँस खोसिएको बास लुटिएको
विह्वल हतभागी जस्तो
कस्तो कस्तो भएछौ । (प्र.नं. ४, २०५८)

६९. आधुनिक नेपाली कविताको प्रयोगवादी धाराका प्रवृत्तिहरू औंल्याउनुहोस् । (प्र.नं. १, २०५७)

७०. 'ओखलढुङ्गा' कवितामा पाइने प्रकृतिचित्रणको विश्लेषण गर्नुहोस् । (प्र.नं. २, २०५७)

७१. 'छोरीलाई मानचित्र पढाउँदा' कविताको मूलभाव स्पष्ट पार्नुहोस् । (प्र.नं. ३, २०५७)

७२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
बन्दुकको नालमा टाउको राखेर निदाउनुपर्छ यहाँ
खुकुरीको धारमा पाइला टेकेर जिउनुपर्छ यहाँ (प्र.नं. ४, २०५७)

## खण्ड (ख) नेपाली खण्डकाव्य

१. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा देशप्रेम सम्बन्धी के कस्ता विचार व्यक्त भएका छन् ? चर्चा गर्नु होस् । [प्र.नं.५, २०७२]

२. 'आँसु' खण्डकाव्यको शीर्षकीय सार्थकता कसरी सिद्ध गर्न सकिन्छ ? [प्र.नं.६, २०७२]

३. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र.नं.७, २०७२]
हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

४. 'आँसु' खण्डकाव्यका मुख्यमुख्य विशेषता के-के हुन् ? (प्र.नं. ५, २०७१)

५. 'राष्ट्रनिर्माता' खण्डकाव्यका आधारमा पृथ्वीनारायण शाह र दलमर्दन शाहका चरित्रिक विशेषताहरू केलाउनु होस् । (प्र.नं. ६, २०७१)

६. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. ७, २०७१)
मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।

७. 'मुनामदन' खण्डकाव्यमा धन र मनका बिचको के-कस्तो द्वन्द्व प्रस्तुत गरिएको छ ? स्पष्ट पार्नु होस् । (प्र.नं. ५, पूरक २०७०)

८. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा अभिव्यक्त राष्ट्रवादी भावनाको चर्चा गर्नु होस् । (प्र.नं. ६, पूरक २०७०)

९. सप्रसङ्ग व्याख्या गर्नु होस् । (प्र.नं. ७, पूरक २०७०)
पृथ्वीका सन्तति सबै हुन्
हक बराबर बाँड्नुपर्छ
हक हडप्ने रीत कस्तो
लुट हो यो हट्नुपर्छ !

१०. 'आँसु' खण्डकाव्यमा अभिव्यक्त जीवनदृष्टिबारे स्पष्ट पार्नु होस् । (प्र.नं. ५, २०७०)

११. लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यगत प्रवृत्तिहरूको चर्चा गर्नु होस् । (प्र.नं. ६, २०७०)

१२. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. ७, २०७०)
पारिन्छ सत्ता जब खण्डखण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खातबाट
सिद्धिन्छ शोभा अनि फूलबाट

१३. 'मुनामदन' खण्डकाव्यमा मन र धनसम्बन्धी दृष्टिकोणहरू कसरी प्रस्तुत गरिएका छन् ? स्पष्ट पार्नु होस् । (प्र.नं. ५, पूरक २०६९)

१४. 'आँसु' खण्डकाव्यको शीर्षकविधान सार्थक छ या निरर्थक ? खण्डकाव्यका आधारमा चर्चा गर्नु होस् । (प्र.नं. ६, पूरक २०६९)

१५. सप्रसङ्ग व्याख्या गर्नु होस्: (प्र.नं. ७, पूरक २०६९)
विच्छिन्न विच्छिन्न हुने प्रवृत्ति ।
सहन्न भाइ म त एक रत्ती ॥
विशाल नेपाल म रच्छु रच्छु ।
कहाँ छ मृत्युञ्जयलाई मृत्यु ॥

Question Bank Nepal

१६. 'आँसु' खण्डकाव्यले के कस्तो विषयवस्तुलाई प्रस्तुत गरेको छ, स्पष्ट पार्नुहोस् । (प्र.नं. ५, २०६९)

१७. धन र मनको द्वन्द्वलाई 'मुनामदन' मा कसरी प्रस्तुत गरिएको छ, विवेचना गर्नुहोस् । (प्र.नं. ६, २०६९)

१८. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (प्र.नं. ७, २०६९)
आएर कैल्यै ऋतु सिद्धिदैन
लाएर माया मुटु रित्तिदैंन
स्वीकार मात्रै गर एक बार
संसार तिम्रै अनि बार बार

१९. 'आँसु' खण्डकाव्यको शीर्षकीय सार्थकतालाई कसरी पुष्टि गर्न सकिन्छ ? चर्चा गर्नुहोस् । (प्र.नं. ५, २०६८)

२०. धनका बारेमा मुना र मदनका दृष्टिकोणमा के कस्ता भिन्नता पाइन्छ ? 'मुनामदन' खण्डकाव्यका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ६, २०६८)

२१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
काटेर डाली रूखबाट भाइ
के नीउ रच्छौं, कुन गीत गाई (प्र.नं. ७, २०६८)

२२. मुनामदन खण्डकाव्यको मूल विचार के हो ? (प्र.नं. ५, २०६७)

२३. खण्डकाव्यकार माधव घिमिरेका प्रमुख प्रवृत्ति ठम्याउनुहोस् । (प्र.नं. ६, २०६७)

२४. 'आँसु' खण्डकाव्यमा अभिव्यक्त जीवन दृष्टिवारे आफ्नो विचार प्रस्तुत गर्नुहोस् । (प्र.नं. ७, २०६७)

२५. 'मुनामदन' खण्डकाव्यमा भोटेको चरित्र के-कस्तो छ ? स्पष्ट पार्नुहोस् । (प्र.नं. ५, २०६६)

२६. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा माधव घिमिरेले राष्ट्रसम्बन्धी कस्तो विचार प्रस्तुत गरेका छन् ? समीक्षा गर्नुहोस् । (प्र.नं. ६, २०६६)

२७. आँसु र क्रान्तिका बीचको सम्बन्ध 'आँसु' खण्डकाव्यका आधारमा देखाउनुहोस् । (प्र.नं. ७, २०६६)

२८. लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यका प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ५, २०६५)

२९. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा राष्ट्रिय अखण्डताका बारेमा के-कस्तो दृष्टिकोण प्रस्तुत भएको छ ? समीक्षा गर्नुहोस् । (प्र.नं. ६, २०६५)

३०. 'आँसु' खण्डकाव्यमा कवि सिद्धिचरण श्रेष्ठले कस्तो जीवनदृष्टि प्रस्तुत गरेका छन् ? स्पष्ट पार्नुहोस् । (प्र.नं. ७, २०६५)

३१. माधवप्रसाद घिमिरेका खण्डकाव्यगत प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ५, २०६४)

३२. सिद्धिचरण श्रेष्ठले 'आँसु' खण्डकाव्यमार्फत के-कस्तो सन्देश दिएका छन् ? स्पष्ट गर्नुहोस् । (प्र.नं. ६, २०६४)

३३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
खानु र पिउनु जीवन भए जिउनु हरे ! के ?
पछिको आशा नभए कठै ! मानिस हरे ! के ? (प्र.नं. ७, २०६४)

३४. लक्ष्मीप्रसाद देवकोटाले धनका बारेमा के-कस्ता विचार व्यक्त गरेका छन् ? 'मुनामदन' खण्डकाव्यका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ५, २०६३)

३५. कवि माधवप्रसाद घिमिरेका खण्डकाव्यगत विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ६, २०६३)

३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
शान्ति आऊ, शान्ति आऊ
क्रान्ति विप्लव फूल आऊ
फारी कालो यो अँध्यारो
ए उज्यालो ज्योति आऊ ! (प्र.नं. ७, २०६३)

३७. 'राष्ट्रनिर्माता' खण्डकाव्यले प्रस्तुत गरेका राष्ट्रिय चिन्तनका पक्षहरू के-के हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ५, २०६२)

३८. खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठका खण्डकाव्यगत विशेषताको चर्चा गर्दै 'आँसु' खण्डकाव्यका विशेषताको वर्णन गर्नुहोस् । (प्र.नं. ६, २०६२)

३९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
मानिसको हात निर्मल पानी हिलोले भर्दिन्छ
मानिसलाई बाटामा काँडा मानिस छर्दिन्छ । (प्र.नं. ७, २०६२)

Question Bank Nepal

४०. 'मुनामदन' खण्डकाव्यमा व्यक्त देवकोटाका काव्यगत विशेषता के-के हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ५, २०६१)

४१. 'आँसु' खण्डकाव्यमा कसरी मानवतावादी भाव व्यक्त गरिएको छ ? प्रकाश पार्नुहोस् । (प्र.नं. ६, २०६१)

४२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
पारिन्छ सत्ता जब खण्डखण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खातबाट
सिद्धिन्छ शोभा अनि फूलबाट (प्र.नं. ७, २०६०)

४३. 'मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन' भन्ने उक्तिको 'मुनामदन' खण्डकाव्यका आधारमा पुष्टि गर्नुहोस् । (प्र.नं. ५, २०६०)

४४. 'राष्ट्रनिर्माता' खण्डकाव्यको विषयवस्तुको समीक्षा गर्नुहोस् । (प्र.नं. ६, २०६०)

४५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
छैन अर्को क्यौ उपाय
यो बदल्नै पर्छ-पर्छ
मक्किसकेको यो व्यवस्था
अब उखेली फाल्नुपर्छ । (प्र.नं. ७, २०६०)

४६. 'आँसु' लघुकाव्यमा व्यक्त गरिएको मानवतावादी भावनाको चर्चा गर्नुहोस् । (प्र.नं. १, २०५९)

४७. 'राष्ट्रनिर्माता' खण्डकाव्यका आधारमा दलमर्दन शाहको चरित्रचित्रण गर्नुहोस् ।(प्र.नं. २, २०५९)

४८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हे पैसा ! तैंले पासोमा पार्छस् सिंहझैं हृदय !
सोझाको सराप असलको विलाप दुष्टको अभय (प्र.नं. ३, २०५९)

४९. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा प्रयुक्त घिमिरेका काव्यगत विशेषतामाथि प्रकाश पार्नुहोस् ।(प्र.नं. ५, २०५८)

५०. 'आँसु' खण्डकाव्यमा पाइने विशेषताको विवेचना गर्नुहोस् । (प्र.नं. ६, २०५८)

५१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
खानु र पिउनु जीवन भए जिउनु हरे के ?
पछिको आशा नभए कठै त मानिस हरे के ? (प्र.नं. ७, २०५८)

५२. 'मुनामदन' खण्डकाव्यको भोटेले व्यक्त गरेका विचारहरूको विश्लेषण गर्नुहोस् । (प्र.नं. १, २०५७)

५३. 'राष्ट्रनिर्माता' खण्डकाव्यमा व्यक्त गरिएको राष्ट्रवादी विचारधाराबारे उल्लेख गर्नुहोस् । (प्र.नं. २, २०५७)

५४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
शुष्क मरूमा हुन्न बिरुवा
पानी नभै जिमी पटिन्न
आँसुको नलिई रसान
सृष्टिको गुड्दैन पाङ्ग्रा (प्र.नं. ३, २०५७)

## खण्ड (ग) नेपाली नाटक

१. 'कोही किन बर्बाद होस्' नाटकमा बालमनोविज्ञानको चित्रण कसरी गरिएको छ ? चर्चा गर्नु होस् । [प्र.नं.८, २०७२]

२. 'माटोको माया' नाटकमा देशप्रेमको के कस्तो भावना प्रकट भएको छ ? स्पष्ट पार्नु होस् । [प्र.नं.९, २०७२]

३. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र.नं.१०, २०७२]
यो तिम्रो भित्रको छाती चिरी हेऱ्यौ भने यहाँ
नेपाल मात्र राम्रो छ, नेपालै छ रमाइलो ।

४. 'माटोको माया' नाटकको शीर्षकीय सार्थकता पुष्टि गर्नु होस् । (प्र.नं. ८, २०७१)

५. 'कोही किन बर्बाद होस्' नाटकमा बालमनोविज्ञानको प्रयोग कसरी गरिएको छ ? चर्चा गर्नु होस् । (प्र.नं. ९, २०७१)

६. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १०, २०७१)
दु:खीको घरमा मात्र तेरो बास हुने भए
हे ईश्वर, दया राखी मलाई अझ दु:ख दे ।

Question Bank Nepal

७. नाटकका आधारभूत तत्त्वहरू केके हुन् ? परिचय दिनु होस् । (प्र.नं. ८, पूरक २०७०)
८. "कोही किन बर्बाद होस्' नाटकमा बाल मनोविज्ञानको के-कस्तो रूपमा प्रस्तुत भएको छ ? (प्र.नं. ९, पूरक २०७०)
९. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १०, पूरक २०७०)
देशभक्ति त मर्दैन चुत्थै देश भए पनि ।
१०. नाटकका आधारभूत तत्त्वहरू के के हुन् ? चर्चा गर्नु होस् । (प्र.नं. ८, २०७०)
११. 'मुकुन्द-इन्दिरा' नाटकमा देशभक्तिको भावनालाई कसरी व्यक्त गरिएको छ ? स्पष्ट पार्नु होस् । (प्र.नं. ९, २०७०)
१२. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १०, २०७०)
आमाको स्नेह, ममता, निस्वार्थ सेवा भएन भने छोराछोरीको मानसिक अवस्था गडबडिन जाँदो रहेछ ।
१३. आधुनिक नेपाली नाटकको विकासमा के कस्ता मोडहरू देखापरेका छन् ? स्पष्ट पार्नु होस् । (प्र.नं. ८, पूरक २०६९)
१४. नाटककार विजय मल्लका प्रमुख विशेषता के-के हुन् ? प्रकाश पार्नु होस् । (प्र.नं. ९, पूरक २०६९)
१५. सप्रसङ्ग व्याख्या गर्नु होस्: (प्र.नं. १०, पूरक २०६९)
ओछ्याई प्रेमको तन्ना टम्म नेपालमा कसी ।
सेवाको पौडी खेलौँला पसीनामा दुवै बसी ॥
१६. 'माटोको माया' नाटकले के सन्देश दिएको छ, नाटकका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ८, २०६९)
१७. 'मुकुन्द-इन्दिरा' नाटकका आधारमा इन्दिराको चरित्र चित्रण गर्नुहोस् । (प्र.नं. ९, २०६९)
१८. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (प्र.नं. १०, २०६९)
सोच्नोस्, तपाईंले एकचोटि आमा भइदिँदाखेरी एउटा बच्चा सर्वनाशबाट जोगिन्छ, मानिस बन्छ ! नत्र कुखुराको चल्ला मारेको जस्तो मानिस मार्नतिर उसको प्रवृत्ति भयो भने ज्यानमारा, अपराधी हुन्छ ।
१९. 'माटोको माया' नाटकमार्फत भीमनिधि तिवारीले के कस्तो सन्देश दिएका छन् ? स्पष्ट पार्नुहोस् । (प्र.नं.८,२०६८)
२०. ध्रुवको चरित्रनिर्माणमा सुन्दरलालले के कस्तो भूमिका खेलेको छ ? स्पष्ट पार्नुहोस् । (प्र.नं.९,२०६८)
२१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
यहाँ जति नीच कर्म छन् तिनको सतहमा डरको विषादी जलप लागेको हुन्छ, तसर्थ खराब वस्तु जतिसुकै लोभ्याउने होस् तापनि भयलाई छोइएला भन्ने भयले म त्यसलाई छुन्न । (प्र.नं.१०,२०६८)
२२. 'माटोको माया' ऐतिहासिक नाट्यकृति हो' यस भनाइलाई पुष्टि गर्नुहोस् । (प्र.नं. ८, २०६७)
२३. विद्यार्थीको चरित्र निर्माणमा 'कोही किन बरबाद होस्' नाटकले कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ? स्पष्ट पार्नुहोस् । (प्र.नं. ९, २०६७)
२४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
दु:खीको घरमा मात्र तेरो बास हुने भए
हे ईश्वर दया राखी मलाई अझ दु:ख दे । (प्र.नं. १०, २०६७)
२५. 'मुकुन्द-इन्दिरा' नाटकमा के-कस्तो भाषाशैली प्रयोग गरिएको छ ? (प्र.नं. ८, २०६६)
२६. भीमनिधि तिवारीका नाटकमा पाइने विशेषताहरू लेख्नुहोस् । (प्र.नं. ९, २०६६)
२७. 'कोही किन बरबाद होस्' नाटकमा ध्रुवलाई सुधार्नका लागि क-कसले योगदान पुऱ्याएका छन् ? (प्र.नं. १०, २०६६)
२८. 'माटोको माया' ऐतिहासिक नाट्यकृति हो भन्ने तथ्यलाई नाटकको विषयवस्तु र पात्र विधाका आधारमा पुष्टि गर्नुहोस् । (प्र.नं. ८, २०६५)
२९. 'कोही किन बरबाद होस्' नाटकले विद्यार्थीको चरित्र निर्माणमा के-कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ? चर्चा गर्नुहोस् । (प्र.नं. ९, २०६५)
३०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
जान्ने जाँच लिने भन्दा पनि जाँच दिने भयो ।
आफ्नो अयोग्यता आई आफैँलाई ठुँगिरह्यो ॥ (प्र.नं. १०, २०६५)
३१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हाम्रो नेपाल यो सानो संसारै हो; कि लोकको

Question Bank Nepal

३२. नाटकका आधारभूत तत्त्वहरू केके हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ८, २०६४)
३३. ध्रुवको चरित्रनिर्माणमा सुन्दरलाल र कमलाले के-कस्तो योगदान दिएका छन् ? 'कोही किन बरबाद होस्' नाटकका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ९, २०६४)
कल्पवृक्ष यहीं नै हो, यहाँ पाइन्छ जे पनि । (प्र.नं. १०, २०६४)
३४. आधुनिक नेपाली नाटकको विकासक्रमका विभिन्न चरणहरू देखाई तिनका प्रमुख विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ८, २०६३)
३५. मुकुन्दको हृदयपरिवर्तनका निम्ति भवदेवले के-कस्तो भूमिका खेलेका छन् ? 'मुकुन्द-इन्दिरा' नाटकका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ९, २०६३)
३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हामी उसको बदमासीको भाषा बुझ्दैनौं, अर्थ लगाउन सक्तैनौं । खालि दण्ड दिएर सपार्ने चेष्टा गर्दछौं । (प्र.नं. १०, २०६३)
३७. आधुनिक नेपाली नाटकको विकासमा देखा परेका मुख्य-मुख्य प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।(प्र.नं.८,२०६२)
३८. बालचरित्रको सुधारका निम्ति 'कोही किन बर्बाद होस्' नाटकले अघि सारेका विशेषताहरूको वर्णन गर्नुहोस् । (प्र.नं. ९, २०६२)
३९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
स्वार्थ नै धर्म हो हाम्रो मोक्षसम्म गराउने,
स्वार्थकै निम्ति होस् सेवा स्वजाति र स्वदेशको,
स्वार्थ त्यो स्वार्थ हो शुद्ध जसमा छ यथार्थता । (प्र.नं. १०, २०६२)
४०. नाटकका तत्त्वहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ८, २०६१)
४१. 'मुकुन्द-इन्दिरा' नाटकमा देशप्रेमको भावनालाई कसरी व्यक्त गरिएको छ ? प्रकाश पार्नुहोस् । (प्र.नं.९,२०६१)
४२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
मानसिक स्थितिमा विकृति नआई केटाकेटीमा यस्तो दूषित आचरणको विकास हुँदैन । (प्र.नं.१०,२०६१)
४३. आधुनिक नेपाली नाटकको प्रथम चरणका मुख्य विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ८, २०६०)
४४. भवदेवको चरित्रचित्रण गर्नुहोस् । (प्र.नं. ९, २०६०)
४५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
आँखामा आएको आँसुलाई घुटुक्क पिएर हामी उनीहरूलाई बिदा दिन्छौं । (प्र.नं. १०, २०६०)
४६. 'मुकुन्द--इन्दिरा' नाटकमा पाइने देशभक्तिको भावनामाथि प्रकाश पार्नुहोस् ।(प्र.नं. १, २०५९)
४७. 'माटोको माया' नाटकमा जोड दिइएको विषयवस्तुलाई स्पष्ट पार्नुहोस् । (प्र.नं. २, २०५९)
४८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
केटाकेटीले नजानीकन बोलेको बेचैनी र असन्तुष्टिको भाषा नै त्यही बदमासी हो । (प्र.नं. ३, २०५९)
४९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
भोगले सुख मिल्दैन, त्यो त तृष्णा बढाउँछ ।
तृष्णामा दु:ख उम्रन्छन्, दु:खमा पाप फल्दछ । (प्र.नं. १०, २०५८)
५०. 'कोही किन बरबाद होस्' नाटकको मूल सन्देश स्पष्ट पार्नुहोस् । (प्र.नं. ९, २०५८)
५१. 'माटोको माया' नाटकका रणशार्दूलको चरित्रचित्रण गर्नुहोस् । (प्र.नं. ८, २०५८)
५२. 'कोही किन बर्बाद होस्' नाटककी कमलाले खेलेको भूमिकाबारे चर्चा गर्नुहोस् । (प्र.नं. १, २०५७)
५३. 'माटोको माया' नाटकमा व्यक्त गरिएको विचारको विवेचना गर्नुहोस् । (प्र.नं. २, २०५७)
५४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
देशभक्ति त मर्दैन चुत्थै देश भए पनि । (प्र.नं. ३, २०५७)

## खण्ड (घ) नेपाली एकाङ्की

१. एकाङ्कीकार हृदयचन्द्र सिंह प्रधानका मुख्य विशेषता के के हुन् ? चर्चा गर्नु होस् ।[प्र.नं.११, २०७२]
२. 'म कसरी हार्छु' एकाङ्कीको होमप्रसाद कस्तो चरित्र हो ? स्पष्ट पार्नु होस् । [प्र.नं.१२, २०७२]
३. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र.नं.१३, २०७२]
यो बत्ती त ठिक्क त्यो मानिसको शरीर जस्तै छ, जसको शरीरका सबै अङ्ग ठीक भैकन पनि सास फेर्दैन, चल्दैन र काम गर्दैन ।
४. एकाङ्कीकार हृदयचन्द्र सिंह प्रधानका मुख्य विशेषता के के हुन् ? चर्चा गर्नु होस् । (प्र.नं. ११, २०७१)
५. 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीको कालू सिंह कस्तो चरित्र हो ? स्पष्ट पार्नु होस् । (प्र.नं. १२, २०७१)
६. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १३, २०७१)
यो शक्तिलाई मैले मानिसमा ल्याउन सकें भने, देशको त के संसारको नै सेवा गर्न सक्छु ।

Question Bank Nepal

७. 'खैराँती मास्टर' एकाङ्कीमा शैक्षिक विसङ्गतिको कस्तो स्वरूप प्रस्तुत गरिएको छ ? चर्चा गर्नु होस् । (प्र.नं. ११, पूरक २०७०)

८. 'म कसरी हार्छु' एकाङ्कीले व्यक्त गर्न खोजेको मूल कथ्य के हो ? स्पष्ट पार्नु होस् । (प्र.नं. १२, पूरक २०७०)

९. सप्रसङ्ग व्याख्या गर्नु होस् । (प्र.नं. १३, पूरक २०७०)
गरिबहरू गरिबीको अँध्यारामा जन्मन्छन्, अँध्यारामा हुर्कन्छन् अनि त्यसरी नै मर्छन् अँध्यारामै ।

१०. एकाङ्कीकार फणीन्द्रराज खेतालाको विशेषता औँल्याउँदै 'फ्युज गएको इज्जत' एकाङ्कीले दिन खोजेको सन्देशबारे चर्चा गर्नु होस् । (प्र.नं. ११, २०७०)

११. 'अँध्यारामा बाँच्नेहरू' एकाङ्कीको मूल आशय के हो ? स्पष्ट पार्नु होस् । (प्र.नं. १२, २०७०)

१२. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १३, २०७०)
हो, जो पनि खोजी गर्ने मान्छे पहिले बौलाहा नै ठहरिन्छ पछि नोबेल प्राइज त्यसैले पाउँछ ।

१३. हृदयचन्द्रसिंह प्रधानको 'खैराती मास्टर' एकाङ्कीको मुख्य सन्देश के हो ? स्पष्ट पार्नु होस् । (प्र.नं. ११, पूरक २०६९)

१४. 'फिउज गएको इज्जत' एकाङ्कीले के-कस्तो सामाजिक द्वन्द्वलाई प्रस्तुत गरेको छ ? चर्चा गर्नु होस् । (प्र.नं. १२, पूरक २०६९)

१५. सप्रसङ्ग व्याख्या गर्नु होस् : (प्र.नं. १३, पूरक २०६९)
तिमीले यस्तो कुरा गऱ्यौ, मानौं सिद्धान्त भन्ने मानिस हो जसको रूप छ, आकार छ । सिद्धान्त भनेको त विचार ।

१६. हृदयचन्द्रसिंह प्रधानको 'खैराती मास्टर' मा के कस्तो शैक्षिक विकृतिको चित्रण गरिएको छ ? (प्र.नं. ११, २०६९)

१७. एकाङ्कीकार मनबहादुर मुखियाका मुख्य विशेषताहरू के के हुन्, स्पष्ट पार्नुहोस् । (प्र.नं. १२, २०६९)

१८. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (प्र.नं. १३, २०६९)
तिमीले यस्तो कुरा गऱ्यो, मानौं सिद्धान्त भन्ने मानिस हो, जसको रूप छ, आकार छ । सिद्धान्त भनेको त विचार । विचार परिस्थिति अनुसार बदलिन्छ ।

१९. एकाङ्कीकार गोविन्दबहादुर मल्ल 'गोठाले' का मुख्य विशेषता केके हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ११, २०६८)

२०. 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीको कालु सिंह कस्तो चरित्र हो ? स्पष्ट पार्नुहोस् । (प्र.नं. १२, २०६८)

२१. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
हुन त खाँचो भन्ने कुरो सबैको उस्तै हो । पऱ्या बेलामा एकले अर्कोलाई मद्दत गर्न र खाँचो टार्न अघि सर्नैपर्छ । (प्र.नं. १३, २०६८)

२२. एकाङ्कीका प्रमुख तत्त्वहरूको परिचय दिनुहोस् । (प्र.नं. ११, २०६७)

२३. 'अँध्यारामा बाँच्नेहरू' एकाङ्कीको मूल आशय केलाउनुहोस् । (प्र.नं. १२, २०६७)

२४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
मानिसले मस्तिष्कको विकासको अनुपातमा सुँघ्ने शक्ति गुमायो । म त्यही घ्राणशक्ति मानिसमा फेरि ल्याउन खोजिरहेछु । यो शक्तिलाई मानिसमा ल्याउन सकें भने, देशको त के संसारकै सेवा गर्न सक्छु ।' (प्र.नं. १३, २०६७)

२५. नेपाली नाटकका क्षेत्रमा एकाङ्कीकार गोविन्दबहादुर मल्ल 'गोठाले' को योगदान प्रस्ट पार्नुहोस् । (प्र.नं. ११, २०६६)

२६. 'फियुज गएको इज्जत' एकाङ्कीले देखाउन खोजेको मुख्य सार के हो ? (प्र.नं. १२, २०६६)

२७. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
दिनमा सूर्य उदाउँछ, राति चन्द्र, ताराहरू जगमगाउँछन्, तर अँध्यारो गल्लीका झोपडीहरू सधैंनै अँध्यारा रहन्छन् । (प्र.नं. १३, २०६६)

२८. नाटक र एकाङ्कीमा पाइने समानता र असमानताहरू केलाउनुहोस् । (प्र.नं. ११, २०६५)

२९. 'अँध्यारामा बाँच्नेहरू' एकाङ्कीको मूल आशय के हो ? स्पष्ट पार्नुहोस् । (प्र.नं. १२, २०६५)

३०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
आज घरमा बत्ती नबलेर के भो त; मनको बत्ती त झल्लमल्ल भएर बल्यो । हाम्रो मानसमा आज बलेको यो दीप भविष्यमा धेरै समयसम्म आलोकित भएर रहनेछ । (प्र.नं. १३, २०६५)

Question Bank Nepal

३१. 'ज्ञानप्रसाद' कस्तो प्रकारको चरित्र हो । 'म कसरी हार्छु' एकाङ्कीका आधारमा स्पष्ट पार्नुहोस् । (प्र.नं. ११, २०६४)

३२. 'फ्युज गएको इज्जत' एकाङ्कीले के-कस्तो सन्देश दिएको छ ? चर्चा गर्नुहोस् । (प्र.नं. १२, २०६४)

३३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
म मान्छे भएर पनि मान्छेहरूकै माभ्र एक्लो भएको छु । (प्र.नं. १३, २०६४)

३४. 'खैराँती मास्टर' एकाङ्कीको नामकरणको सार्थकता पुष्टि गर्नुहोस् । (प्र.नं. ११, २०६३)

३५. 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीको कालुसिंहमा के-कस्ता चारित्रिक विशेषता पाइन्छन् ? चर्चा गर्नुहोस् । (प्र.नं. १२, २०६३)

३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हाम्रो मानसमा आज बलेको यो दीपज्योति झलमल्ल भएर भविष्यमा धेरै समयसम्म आलोकित भएर रहनेछ । (प्र.नं. १३, २०६३)

३७. एकाङ्कीकार हृदयचन्द्रसिंह प्रधानको 'खैराँती मास्टर' एकाङ्कीले दिन खोजेका सन्देशहरू के-के हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं. ११, २०६२)

३८. 'म कसरी हार्छु' ? एकाङ्कीको विशेषतामाथि प्रकाश पार्नुहोस् । (प्र.नं. १२, २०६२)

३९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
जब म जेलबाट फर्केर आएँ त्यस समय मेरो इमानदारीको हत्या भइसकेको थियो । ममा इमानदारी छँदाछँदै पनि दुनियाँका सामु म चोर भएँ । (प्र.नं. १३, २०६२)

४०. 'म कसरी हार्छु ?' एकाङ्कीले व्यक्त गर्न खोजेको मूल विषय के हो ? प्रकाश पार्नुहोस् ।(प्र.नं. ११, २०६१)

४१. 'फ्युज गएको इज्जत' मा नेपाली समाजको कस्तो अवस्था चित्रण गरिएको छ ? विवेचना गर्नुहोस् । (प्र.नं. १२, २०६१)

४२. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
दुनियाँको घृणा र उपहासको बोझ बोकेर म हिँड्न सक्दिनँ । (प्र.नं. १३, २०६१)

४३. नाटक र एकाङ्कीमा फरक देखाउनुहोस् । (प्र.नं. ११, २०६०)

४४. 'खैराँती मास्टर' एकाङ्कीको शीर्षकको औचित्य देखाउनुहोस् । (प्र.नं. १२, २०६०)

४५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
कति पवित्र भावना छ तपाईंको ! धन्य मेरो रूप, धन्य मेरो जीवन ! (प्र.नं. १३, २०६०)

४६. एकाङ्कीका तत्त्वहरूको चर्चा गर्नुहोस् । (प्र.नं. १, २०५९)

४७. 'म कसरी हार्छु ?' एकाङ्कीका होमप्रसादको चरित्रचित्रण गर्नुहोस् । (प्र.नं. २, २०५९)

४८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
सबै कुरा सधैं एकैनास रहनुपर्छ भन्ने क्यै छ र ? समयअनुसार मानिसको मन र व्यवहार पनि साटिन सक्छ भन्ने थाहा छैन र तपाईंलाई ? (प्र.नं. ३, २०५९)

४९. एकाङ्कीकार गोविन्दबहादुर मल्लका विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. ११, २०५८)

५०. 'खैराती मास्टर' एकाङ्कीको मुख्य सन्देशमाथि प्रकाश पार्नुहोस् । (प्र.नं. १२, २०५८)

५१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
उमेरले तिमीलाई प्रौढ बनाए पनि मेरो अगाडि तिमी उही बीस वर्षकी हौ ।(प्र.नं. १३, २०५८)

५२. एकाङ्कीको परिभाषा दिई पात्रको भूमिकामाथि प्रकाश पार्नुहोस् । (प्र.नं. १, २०५७)

५३. 'खैराँती मास्टर' एकाङ्कीबाट पाइने शिक्षाबारे चर्चा गर्नुहोस् । (प्र.नं. २, २०५७)

५४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
गरिवहरू गरिबीको अँध्यारामा जन्मन्छन्, अँध्यारामा हुर्कन्छन् अनि त्यसरी नै मर्छन् अँध्यारोमै (प्र.नं. ३, २०५७)

## खण्ड (ङ) नेपाली साहित्यको इतिहास

१. नेपाली कविताको माध्यमिक कालका प्रमुख प्रवृत्तिको चर्चा गर्नुहोस् । [प्र.नं.१४, २०७२]

२. आधुनिक नेपाली कथाका प्रमुख धाराहरूको परिचय दिनु होस् । [प्र.नं.१५, २०७२]

३. आधुनिक नेपाली उपन्यासका प्रमुख धाराहरूको परिचय दिनु होस् । (प्र.नं. १४, २०७१)

४. आधुनिक नेपाली निवन्धका प्रमुख प्रवृत्तिहरूको चर्चा गर्नु होस् । (प्र.नं. १५, २०७१)

५. माध्यमिक कालीन नेपाली कविताको विकास र विस्तारमा मोतीराम भट्टले दिएको योगदानको विवेचना गर्नु होस् । (प्र.नं. १४, पूरक २०७०)

६. आधुनिक नेपाली निबन्धको विकास केकस्तो रूपमा भएको छ ? चर्चा गर्नु होस् । (प्र.नं. १५, पूरक २०७०)

Question Bank Nepal

७. आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका प्रमुख प्रवृत्तिहरूको उल्लेख गर्नु होस् । (प्र.नं.१४,२०७०)
८. माध्यमिककालीन नेपाली कविताका प्रमुख विशेषताहरूको चर्चा गर्नु होस् । (प्र.नं. १५, २०७०)
९. प्राथमिककालीन नेपाली कवितामा देखिएका प्रमुख धाराहरूको परिचय दिनु होस् । (प्र.नं. १४, पूरक २०६९)
१०. आधुनिक नेपाली उपन्यासको यथार्थवादी धाराका प्रमुख विशेषता के-के हुन् ? स्पष्ट पार्नु होस् । (प्र. नं. १५, पूरक २०६९)
११. 'आधुनिक नेपाली कथाको यथार्थवादी धाराका प्रमुख विशेषताहरूको परिचय दिनुहोस् । (प्र.नं. १४, २०६९)
१२. नेपाली नाटकको आधुनिक काल कहिलेदेखि आरम्भ भएको हो र हालसम्म यसमा के कस्ता धाराहरू देखा परेका छन्, परिचय दिनुहोस् । (प्र.नं. १५, २०६९)
१३. आधुनिक नेपाली उपन्यासका प्रमुख धाराहरूको परिचय दिनुहोस् । (प्र.नं.१४,२०६८)
१४. आधुनिक नेपाली निबन्धको परम्परा कहिलेदेखि प्रारम्भ भएको हो र यसको विकासमा महत्त्वपूर्ण योगदान दिने प्रमुख निबन्धकारहरू को को हुन् ? चर्चा गर्नुहोस् । (प्र.नं.१५,२०६८)
१५. माध्यमिककालीन नेपाली कविताका प्रमुख विशेषताहरूको चर्चा गर्नुहोस् । (प्र.नं. १४, २०६७)
१६. आधुनिक नेपाली कथाको प्रयोगवादी धाराको परिचय दिई प्रमुख प्रवृत्ति लेख्नुहोस् । (प्र.नं. १५, २०६७)
१७. प्राथमिक कालीन नेपाली कवितामा के-कस्ता उपलब्धि देखिएका छन् ? प्रष्ट पार्नुहोस् । (प्र.नं. १४, २०६६)
१८. आधुनिक नेपाली समालोचना के-कस्तो अवस्थामा छ ? चर्चा गर्नुहोस् । (प्र.नं. १५, २०६६)
१९. माध्यमिक कालीन नेपाली कविताका प्रमुख विशेषताहरूको चर्चा गर्नुहोस् ।(प्र.नं. १४, २०६५)
२०. आधुनिक नेपाली कथाको यथार्थवादी धाराको परिचय दिँदै यसका मूल प्रवित्तिहरूको समेत चर्चा गर्नुहोस् । (प्र.नं. १५, २०६५)
२१. प्राथमिक कालीन नेपाली कविताका विभिन्न धाराका प्रमुख प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । (प्र.नं. १४, २०६४)
२२. आधुनिक नेपाली उपन्यासको प्रथम चरणका मुख्य-मुख्य विशेषताहरूको वर्णन गर्नुहोस् । (प्र.नं. १५, २०६४)
२३. नेपाली साहित्यमा माध्यमिक कालको थालनी गर्नमा मोतीराम भट्टले खेलेको भूमिकाको वर्णन गर्नुहोस् । (प्र.नं. १४, २०६३)
२४. आधुनिक नेपाली कथाका प्रारम्भिक प्रहरमा देखा परेका मुख्य-मुख्य प्रवृत्तिहरूको उल्लेख गर्नुहोस् । (प्र.नं. १५, २०६३)
२५. माध्यमिक कालीन नेपाली कविताको शृङ्गारिक धाराका प्रमुख कविहरूका विशेषताबारे वर्णन गर्नुहोस् । (प्र.नं. १४, २०६२)
२६. आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका प्रमुख विशेषताहरूको वर्णन गर्नुहोस् । (प्र.नं. १५, २०६२)
२७. आधुनिक नेपाली कथामा आदर्शोन्मुख यथार्थवादी धाराका प्रमुख प्रवृत्ति उल्लेख गर्नुहोस् । (प्र.नं. १४, २०६१)
२८. प्राथमिक कालीन नेपाली कविताका रामभक्ति धाराका विशेषताहरू लेख्नुहोस् । (प्र.नं. १५, २०६१)
२९. नेपाली साहित्यको प्राथमिक कालको चिनारी गराउनुहोस् । (प्र.नं. १४, २०६०)
३०. आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका मुख्य-मुख्य प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । (प्र.नं.१५, २०६०)
३१. भक्तिधाराका कविताको विषयवस्तुमाथि प्रकाश पार्नुहोस् । (प्र.नं. १, २०५९)
३२. आधुनिक नेपाली कथाको यथार्थवादी युगका प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । (प्र.नं. २, २०५९)
३३. माध्यमिक कालीन नेपाली आख्यानका प्रमुख विशेषताहरूको चर्चा गर्नुहोस् ।(प्र.नं. १४, २०५८)
३४. प्राचीन नेपाली कविताका प्रमुख विशेषताको परिचय दिनुहोस् । (प्र.नं. १५, २०५८)
३५. वीरधाराका कविताहरूको मुख्य-मुख्य विशेषताको निक्यौल गर्नुहोस् । (प्र.नं. १, २०५७)
३६. आधुनिक नेपाली आख्यान-परम्पराका प्रमुख धाराबारे चर्चा गर्नुहोस् । (प्र.नं. २, २०५७)

Question Bank Nepal